सूचना सूचना सूचना

मितिः- २०७३/०९/२१ गते

यस नगरपालिका क्षेत्रभित्र पर्ने पूर्व-पश्चिम राजमार्गको मानखोला देखि ग्याङ्फेदी नदी सडक खण्ड अन्तर्गत सडकको केन्द्र रेखा देखि २५-२५ मिटर दायाँ बायाँ सडक क्षेत्र अतिक्रमण गरी बनाईएका घर, पर्खाल, टहरा, छाप्रो, तारबार आदि संरचना तथा उक्त क्षेत्रमा राखिएका घुम्ती, ठेला, निर्माण सामाग्री, मालसामान आदि हटाउन पटक पटक सूचना जारी गर्दा समेत हालसम्म पनि सडक क्षेत्र खाली नगरेको पाइएकोले ७ दिनभित्र सडक क्षेत्र खाली गर्न सम्बन्धित सबैको लागि अन्तिम सूचना जारी गरिएको छ । अन्यथा अटेर गरी सडक क्षेत्र खाली नगरेमा डिभिजन सडक कार्यालय बाँकेको नेतृत्वमा उपरोक्त संरचना हटाइनेछ । यसरी हटाउँदा लागेको खर्च समेत सम्बन्धित व्यक्तिबाट प्रचलित कानून बमोजिम असुल गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

बाँसगढी नगरपालिका कार्यालय

बर्दिया